# नगर कार्यपालिकाको दोश्रो बैठकका निर्णयहरु

मिति २०७९ असार ७ गते

**निर्णयहरु**

१. बेनी नगरपालिकाका विगतका कार्यपालिकाहरुबाट भएका सबै निर्णयहरुको समीक्षा गरियो । चालु आ.व.मा हालसम्म भएका सबै खर्चहरु अनुमोदन गर्ने र नगर कार्यपालिकाको निर्णय कार्यान्वयनमा सबैसँग समन्वय र सहकार्य गरी अघि बढ्ने ।

२. राजश्व परामर्श समितिको निर्णय अनुसार आगामी आर्थिक वर्षका लागि प्रस्तावित करका दरहरुको विश्लेषण समेतका आधारमा तयार पारिएको प्रतिवेदन बैठकमा छलफल भयो । राजश्व परामर्श समितिको उक्त निर्णय र प्रतिवेदन अनुमोदन गरी आगामी नगरसभामा पेश गर्ने ।

३. स्रोत अनुमान समितिबाट तयार गरिएको वडागत तथा क्षेत्रगत बजेट सीमालाई अनुमोदन गर्ने र स्रोत अनुमान समितिको निर्णय कार्यान्वयन गर्नुका साथै सीमा भित्र रही तर्जुमा गरिएका बजेट तथा कार्यक्रमलाई आगामी नगरसभामा पेश गर्ने ।

४. विभिन्न विषयगत समितिबाट तर्जुमा भएको बजेट तथा कार्यक्रम लाई अनुमोदन गरी आगामी नगरसभामा पेश गर्ने ।

५. बेनी नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ९(ग) बमोजिमको नगर शिक्षा समितिमा कार्यपालिकाबाट मनोनित गर्नुपर्ने सदस्यहरुमध्ये देहाय बमोजिमका सदस्यहरुलाई मनोनयन गर्ने ।

क. श्री चक्र बहादुर केसी, वडाध्यक्ष, वडा नं ९
ख. श्री मिना कुमारी कार्की, वडासदस्य, वडा नं ४

६. बेनी नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधिको दफा ६(१)(ख) बमोजिमको सदस्यमा कार्यपालिका सदस्यहरुमध्येबाट देहाय बमोजिमको एक महिला सदस्य मनोनयन गर्ने ।

क. श्री नरु थजाली, वडासदस्य वडा नं ८

७. बेनी नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरु भाडामा लगाई राजश्व असुल उपर गर्ने र बक्यौता अनुसल उपर गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक सार्वजनिक जग्गाको सम्झौता, भाडादर निर्धारण तथा बक्यौता असुली उपसिमिति गठन गर्ने ।

| | |
|---|---|
| क. श्री उत्तम कर्माचार्य, वडाध्यक्ष, वडा नं ८ | संयोजक |
| ख. श्री कृष्णसिंह बानिया, वडाध्यक्ष वडा नं ६ | सदस्य |
| ग. श्री सृजना श्रेष्ठ, वडा सदस्य, वडा नं ७ | सदस्य |
| घ. श्री किसान विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

ङ. श्री प्रभा शर्मा, राजश्व शाखा प्रमुख सदस्य सचिव

८. बेनी नगर कार्यपालिकाबाट भए गरेका विभिन्न निर्णय, सूचना एवं जानकारी कार्यान्वयन गर्न र बेनी गरपालिकाबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित गर्ने कार्यका लागि तर्जुमा गरिएको नगर प्रहरी सञ्चालन कार्यविधि २०७९ लाई स्वीकृत गरियो ।

९. बेनी नगरपालिकाका लागि सशर्त शीर्षक अन्तर्गतको उपचारात्मक सेवा कार्यक्रममध्येबाट औषधि खरिद कार्यक्रमका लागि विनियोजन भएको रकम रु १५ लाखबाट नियमानुसार औषधि खरिदका लागि बोलपत्र आव्हान गरिएकोमा विनियोजित रकम भन्दा अत्यन्तै कम अङ्कमा कबोल गरेको कारण धेरै रकम बाँकी रहन गएको र यस नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य चौकीहरुमा औषधीको कमी नै रहने अवस्थालाई मध्यनजर गरी उल्लेखित बाँकी रहन गएको रकमबाट सोही दररेटमा थप आवश्यक औषधी खरिदका लागि प्रकृया अघि बढाउने ।

१०. कुनै पनि व्यक्तिले निजी जग्गामा (खेतियोग्य जमिनमा) लगाएका रुखहरुबाट अन्य कुनै व्यक्तिलाई क्षति पुग्ने वा विपद निम्त्याउने भएमा त्यस्ता रुखहरु कटान गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने सो का लागि आवश्यक सरोकारवाला निकायहरुसँग समन्वय समेत गर्ने ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख